# सम्पादकीय

सरस्वती सदन नेपाली स्नातकोत्तर शिक्षण कार्यक्रम, त्रिचन्द्र बहुमुखी क्याम्पसबाट २०७६ सालदेखि अर्धवार्षिक रूपमा प्रकाशित भइरहेको विज्ञसमीक्षित जर्नल हो। जर्नल प्रकाशनको मुख्य उद्देश्य आलोचनात्मक ज्ञानको क्षितिज फराकिलो पार्नु हो। यस जर्नललाई प्रकाशन गर्न थालेदेखि यो आठौँ प्रकाशन हो। जिज्ञासु पाठक, अध्यवसायी अनुसन्धाता तथा विज्ञसमीक्षकहरूको योगदानस्वरूप हामीले यहाँसम्मको यात्रा सफलतापूर्वक पूरा गरेका छौँ। आगामी दिनमा पनि यहाँहरू सबैको यस्तै साथ, सहयोग र सद्भावको अपेक्षा गर्दछौँ।

सरस्वती सदन मूलतः भाषा र साहित्यविषयक शोधपत्रिका भएको हुनाले यसमा भाषा र साहित्यसम्बन्धी लेखहरू नै बढी प्रकाशित भएका छन्। यसका पूर्णाङ्क एकदेखि अहिले प्रकाशन हुन लागेको पूर्णाङ्क एघारसम्मका प्रकाशित लेखहरू हेर्दा साहित्य समालोचनासम्बन्धी लेखहरू नै बढी मात्रामा प्रकाशित छन् भने भाषा, व्याकरण र लोकसाहित्यसम्बन्धी लेखहरू कम मात्रामा प्रकाशित छन्। ज्ञानको फराकिलो क्षितिजलाई मध्यनजर गरेर हेर्ने हो भने यसमा भाषा र साहित्यका साथै संस्कृति र दर्शन जस्ता विषयका लेख पनि प्रकाशन गर्नु आवश्यक देखिएको छ। त्यसै गरी अहिले सांस्कृतिक अध्ययनअन्तर्गतका जातीय, लैङ्गिक र वर्गीय अध्ययनका साथै भूमण्डलीय संस्कृति, सांस्कृतिक राजनीति, लोकप्रिय संस्कृति, साइबर कल्चर, डिजिटल मिडिया संस्कृति, वर्णसङ्कर संस्कृति, सांस्कृतिक परिवर्तन आदि अनेक विषयक्षेत्रहरू विकसित भएका छन्। त्यसतर्फ पनि हाम्रो ध्यान जानु आवश्यक छ।

अनुसन्धानको मुख्य उद्देश्य कुनै विषयको तथ्यपरक र वैज्ञानिक विश्लेषणबाट ज्ञानको नयाँ क्षितिज उघार्नु हो। त्यसैले विषयवस्तुको चयन र शोधसमस्याको निर्क्योल गर्नु अनुसन्धाताको प्रथम कार्य हो भने समस्यामा केन्द्रित भई विमर्श र विश्लेषणद्वारा निष्कर्षमा पुग्नु अनुसन्धानको मूल लक्ष्य हो। उपयुक्त विषयको अनुसन्धानले नै समाजलाई ठुलो योगदान दिन सक्दछ। तसर्थ विषय र समस्याको चयन गर्दा सामाजिक जीवनमा प्रभावकारी हुने विषय चयन गर्न हामी अनुसन्धाताहरूसँग अनुरोध गर्दछौँ। अनुसन्धानात्मक लेखहरू प्रकाशन गर्दा साहित्यका सबै विधामा सन्तुलन हुनु आवश्यक कुरा हो। यसतर्फ भने हाम्रो दृष्टि अलि पुग्न सकेको छैन। यसका सबै प्रकाशित अङ्कहरू हेर्दा साहित्यका उपन्यास, कथा र कविता विधाका तुलनामा नाटक, निबन्ध, नियात्रा, संस्मरण, आत्मवृत्तान्त, जीवनी आदि विषयक लेखहरू कमै मात्रामा प्रकाशित भएका छन्। उक्त कमी पूरा गर्न आगामी अङ्कमा सबै विधामा सन्तुलन मिलाउन आवश्यक रहेको महसुस गरेका छौँ।

अन्त्यमा यस अङ्कमा समावेश भएका लेखहरूका लागि सम्बन्धित अनुसन्धाता तथा अनुसन्धानात्मक लेखहरूको आवश्यक मूल्याङ्कन गरी उपयुक्त सुझाव दिनुहुने विज्ञसमीक्षकहरूप्रति हार्दिक आभार प्रकट गर्दछौँ। यसको प्रकाशनमा अभिभावकीय भूमिकासहित हौसला प्रदान गर्नुभएकोमा क्याम्पस प्रमुख प्रा. डा. नीलम श्रेष्ठप्रति कृतज्ञता प्रकट गर्दछौँ। यसका साथै कम्प्युटर सेटिङमा सहयोग गर्नुहुने सन्तोष भट्ट, प्रकाशनको जिम्मेवारी लिनुहुने सोपान प्रेस परिवार र नेप्जोलमा राख्न सहयोग गर्नुहुने त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय परिवारप्रति हार्दिक धन्यवाद प्रकट गर्दछौँ।

प्रधान सम्पादक